annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०१, पृष्ठ १० | काठमाडौं, शुक्रबार १२ मंसिर २०८२ | मार्ग शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४६ | FRIDAY, NOVEMBER 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

विदेशमा बस्ने मतदाताका लागि 'इन्टरनेट भोटिङ', कति सम्भव ?

सुरेन्द्र काफ्ले/राजकरण महतो | *काठमाडौं*
– को रिपोर्ट

समाचार पृष्ठ २

प्रविधिको दुनियाँमा विदेशमा रहेका मतदातालाई मताधिकार दिन असम्भव होइन । तर, त्यसका लागि राजनीतिक दलबीच सहमति र निर्वाचन आयोगको आँट चाहिन्छ । त्यसैकारण हरेक निर्वाचनबाट बञ्चित हुँदै आएको झन्डै ४० लाख मतदाताको मतदानको अधिकार सुनिश्चित गर्न सरोकारवालाले पहल गर्नै पर्ने निर्वाचनका जानकारहरू बताउँछन् ।

बंगलादेशकी पूर्वप्रधानमन्त्री हसिनालाई २१ वर्षको जेल सजाय

ढाका (एजेन्सी) : बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई सरकारी परियोजनामा जग्गा बाँडफाँटसम्बन्धी छुट्टाछुट्टै भ्रष्टाचार मुद्दामा २१ वर्षको जेल सजाय सुनाइएको छ। अदालतको यस निर्णयले हसिनाको निर्वासित जीवनमा अर्को कानुनी प्रहार गरेको छ।

बिहीबार जारी गरिएको निर्णयमा अदालतले हसिनालाई अयोग्यताको बाबजुद पनि आफू र आफ्नो परिवारका लागि राजधानी ढाकाको उपनगरमा अवैध रूपमा जग्गा प्राप्ति गरेको भन्दै दोषी ठहर गरेको हो। गत साता मात्र हसिनालाई विद्यार्थीको नेतृत्वमा भएको विद्रोहको विरुद्ध घातक कारबाहीको आदेश दिएकोमा मानवता विरोधी अपराधमा दोषी ठहर गर्दै फाँसीको सजाय सुनाइएको थियो।

बंगलादेशी र रोहिंग्या नेपाल छिर्न सक्ने भन्दै झापामा उच्च सतर्कता

पार्थ मण्डल | *झापा*

भारतको पश्चिम बंगालमा वर्षौंदेखि लुकिछिपी बसोबास गरिरहेका बंगलादेशी तथा रोहिंग्याहरू खुला सीमा नाकाको फाइदा उठाउँदै नेपाल छिर्न सक्ने भन्दै झापामा उच्च सतर्कता अपनाइएको छ। पश्चिम बंगालसँग झापा जोडिएका कारण सीमा नाकामा उच्च सतर्कता अपनाइएको सशस्त्र प्रहरी बल नेपाल, नम्बर २ गण हेडक्वार्टर झापाका एसपी तुलबहादुर भण्डारीले जानकारी दिए।

१४४.२ किलोमिटर खुला सीमाका कारण सीमा सुरक्षा चुनौती बढेको छ। 'गुल्म र बीओपीहरूमा जनशक्ति अभावका कारण सशस्त्र प्रहरी बल, नेपाल नम्बर ३८ रिजर्भ गण हेडक्वार्टर लखनपुर झापाबाट पनि थप जनशक्ति मगाएका छौं', एसपी भण्डारीले भने, 'बंगलादेशी तथा रोहिंग्या रोक्न भारतीय एसएसबीसँग पनि सहकार्य भइरहेको छ।'

भारतको निर्वाचन आयोगले पश्चिम बंगालसहित १२ राज्यमा मतदाता सूचीको गहन पुनरीक्षण (एसआईआर) सुरु गरिसकेको छ। पूर्वी नेपालको सीमासँग जोडिएको पश्चिम बंगालमा पनि एसआईआर जाँच सुरु भएपछि त्यहाँ वर्षौंदेखि लुकिछिपी बसोबास गर्दै आइरहेका बंगलादेशी तथा रोहिंग्या नागरिकको उठीबास भएको छ। यही कारण त्यहाँ लुकिछिपी बस्ने गैरनागरिक नेपाल छिर्न सक्ने आशंका बढेको एसपी भण्डारीको भनाइ छ। अवैध प्रक्रियाबाट आधार कार्ड, पेन कार्ड र मतदाता परिचयपत्रसमेत बनाएर बसोबास गर्दै आइरहेका बंगलादेशी तथा रोहिंग्या नागरिकले एसआईआर जाँचमा पुराना कागजात देखाउन नसकेपछि धमाधम भारत छाडिरहेका छन्।

भारत छाडिरहेका उनीहरू खुला सीमाका कारण नेपाल प्रवेश गर्न सक्ने प्रबल सम्भावना बढेको सीमा विज्ञहरू बताउँछन्। एसआईआरका कारण कोलकातासहित उत्तर चौबिस परगाना जिल्लामा बसोबास गर्ने हजारौं संख्यामा बंगलादेशी तथा रोहिंग्याहरूको उठीबास हुँदा केही गाउँ नै खाली भइसकेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

एसआईआरले पश्चिम बंगालमा मात्रै १० लाख नागरिकको मतदाता परिचयपत्र खारेज हुन सक्ने अनुमान भारतको निर्वाचन आयोगले गरेको छ। त्यही कारणले कोही आफ्नै देश फर्किरहेका छन् भने कोही त्यहाँबाट अन्यत्र पलायन हुन खोजिरहेका छन्।

» बाँकी पृष्ठ ६

उपत्यकामा इँटा उद्योगबाट निस्कने धुवाँ घातक

बर्सेनि १२ हजारको मृत्यु

नितु घले | *काठमाडौं*

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को गाइडलाइनले प्रतिकिलोमिटर हावामा ५ माइक्रोग्रामभन्दा धेरै पीएम २.५ को मात्रा हुनुहुँदैन भन्छ। तर, इँटा उद्योग वरिपरि एक किलोमिटर क्षेत्रभित्र १५१ माइक्रोग्राम पीएम २.५ पाइएको एक अध्ययनले देखाएको छ। यसले वायुमण्डलको अवस्था अत्यन्त नाजुक बनाएको अध्ययनको निष्कर्ष छ।

वायु प्रदूषणविज्ञ भूपेन्द्र दासको समूहले हालै प्रकाशन गरेको अध्ययनले उपत्यकाका इँटाभट्टा वरिपरि अत्यन्तै धेरै प्रदूषण भएको जनाएको छ। यसले काठमाडौंमा वायु प्रदूषण गराउनुमा ठूलो योगदान पुऱ्याएको अध्ययनले पुष्टि गरेको दासले बताए। 'इँटाभट्टाको एक किलोमिटर वरिपरि डब्लूएचओले तोकेको भन्दा तीसौं गुणा बढी प्रदूषण पाइयो', दासले भने, 'डब्लूएचओको वार्षिक गाइडलाइनअनुसार प्रतिकिलोमिटर हावामा ५ माइक्रोग्राम पीएम २.५ हुनुपर्छ।'

उनका अनुसार उक्त नम्बर स्वास्थ्यका लागि अत्यन्त घातक हुने बताए। प्रायजसो नोभेम्बरको अन्त्यतिरबाट इँटा उद्योगहरू सञ्चालन हुन थाल्छन्। र करिब जुनसम्म चल्छ। तर भट्टा सञ्चालन नभएको बेलामा (पानी पर्ने सिजनमा) प्रतिकिलोमिटर ८ माइक्रोग्राम पीएम २.५ पाइएको जनाउँदै उनले भने, 'अब वायुमण्डलको अवस्था खराब हुने बेला आयो।' चिसो याममा झन् धेरै प्रदूषण बढ्ने गर्छ। यतिबेला हावा हुरी कम चल्ने हुन्छ। त्यसैले वायुमण्डलको तल्लो सतह स्थिर हुन्छ। त्यहाँ धुलोको कणहरू अड्केर बस्ने भएकाले प्रदूषण झन् बढ्ने हुन्छ।

अध्ययनका अनुसार इँटाभट्टाबाट निस्कने प्रदूषणका कारण मात्रै सन् २०१६ मा ११ हजार ६ सय १९ जनाको मृत्यु भएको थियो।

» बाँकी पृष्ठ ६